कारोबार
karobardaily.com बिहीबार, २९ माघ २०८२
THURSDAY, 12 FEBRUARY 2026

# कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडको साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/१०/२९ गते**

**श्री आदरणिय शेयरधनी महानुभावहरु,**

मिति २०८२ माघ १७ गते बसेको कर्पोरेट डेभलपमेण्ट बैंक लि.को सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको अठाह्रौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल फाल्गुन १० गते आईतवार (फेब्रुअरी २२, २०२६)
समय : बिहान ८:०० बजे
स्थान : बैंकको प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगंज, पर्सा

**छलफल तथा निर्णयका लागि प्रस्तावित विषय सूची :**

**क) सामान्य प्रस्तावहरु**

१) अध्यक्षज्यूको प्रतिवेदन सहित प्रस्तुत आ.व. २०८१/०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने।
३) बैंकको आर्थिक वर्ष २०८२/०८३ को लागि बैंकको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**ख. विशेष प्रस्ताव**

१) कर्पोरेट डेभलपमेण्ट बैंक र अन्य बैंक वा वित्तीय संस्थाहरुसँग एक आपसमा गाभ्ने, गाभिने वा प्राप्ति सम्बन्धमा।
२) यस बैंकको हाल कायम रहेको जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयरधनी समुहको र ३० प्रतिशत सर्वसाधारण शेयरधनीको स्वामित्व रहेकोमा संस्थापक शेयरधनीको पूँजीको संरचना परिवर्तन गरी संस्थापक समुहको शेयर स्वामित्व ६० प्रतिशत र सर्वसाधारण समुहको ४० प्रतिशत हुने गरी नेपाल राष्ट्र बैंकको मिति २०८१/०१/०७ गतेको पूर्व सहमति बमोजिम बैंकको प्रबन्धपत्रको दफा ५ ङ (१) र (२) मा संसोधन गर्न प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
३) संचालकहरुको बैठक भत्ता तथा सञ्चार सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९ (ख) मा संसोधन गरी स्वीकृत गर्ने सम्बन्धमा।
४) यस बैंकको प्रवन्धपत्र र नियमावलीमा गरिने संसोधनमा नियमकारी निकायबाट कुनै संसोधन वा फेरबदल वा परिमार्जनको लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सम्बन्धमा।

**ग. विविध।**

**संचालक समितीको आज्ञाले**
**कम्पनी सचिव**

**नोट : साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२/१०/१८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गरिन्छ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय : गीता मन्दिर रोड, वीरगंज, पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय : बसपार्क (बाईपास) बिरगंज, ड्राईपोर्ट, श्रीसिया, वीरगंज, टेडारोड, चोर्नी, (जीतपुर)